जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३९ अंक ३९ २०७८ साल बैशाख १९ गते आइतवार (2 May 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : कोभिड-१९को ... पृष्ठ ५ मा : प्रहरीलाई देख्ना साथ ... पृष्ठ ५ मा : भारतीय एक अस्पतालमा ... पृष्ठ ५ मा : आजदेखी दैनिक निःशुल्क ...

# रोजगारीका लागि भारत गएका यूवकको शंकास्पद मृत्यु

**राजविराज**/सप्तरीका एक यूवकको शंकास्पद मृत्यु भएको छ। रोजगारीका लागि भारत लगिएका जिल्लाको राजगढ गाउँपालिका ५ मलेकपुर बस्ने ४० वर्षिय बुधु सदाको शंकास्पद मृत्यु भएको हो।

सदालाई भारतीय सीमावर्ती क्षेत्र बिहारको नेउरमा काम लगाइदिने भन्दै छिमेकी गाउँ छिन्नमस्ता २ हाटीका रमेश यादवले गत मंगलबार त्यसतर्फ लिएर गएको परिवारजनले बताएका छन्। उनलाई त्यहा प्लाईउड फैक्ट्रीमा काममा लगाइएको थियो।

अघिल्लो दिन शुक्रबार रमेशले फोन गरि बुधु सदाको पत्नी प्रमिलालाई पति बिरामी भएकोले लिएर जान भन्दै फोन गरेपछि प्रमिलाले उनलाई ल्याए गजेन्द्र नारायण सिंह अस्पतालमा



भर्ना गराएकी थिइन्। जिऊ भरि कुटपिटको निलडाम रहेका बुधुको शुक्रबारै राती ८ बजेतिर उपचारको क्रममा मृत्यु भएको हो।

मृतककी पत्नी प्रमिलाले बुधुलाई लिएर गएका रमेशले नै प्लाइउड कारखानामा खाजा, नास्ता खान समेत छुटी नदिएर लगातार काममा खटाउने गरेको र त्यसको बिरोध गर्दा आफूमाथी निर्घात कुटपिट भएको मृत्यु हुनु भन्दा अघि पतिले आफूलाई बताएको जानकारी दिएकी छिन्।

घटनाको जानकारी पाएपछि सप्तरीकी अधिकारकर्मी सुनिता साहको पहलमा यादव बिरुद्ध प्रहरीमा किटनी जाहेरी समेत दिइएको छ।

प्रहरी नायब उपरिक्षक माधवप्रसाद काफ्लेले मृतकको शव पोष्टमार्टम पछि बास्तविकता स्पष्ट हुने र सोही आधारमा अनुसन्धान र कारवाही प्रक्रिया अघि बढ्ने बताएका छन्।

# आजदेखी जोरबिजोर प्रणालीमा सवारीसाधान संचालन




**राजविराज**/सप्तरीमा आइतबारदेखी सवारीसाधान संचालनमा जोरबिजोर प्रणाली लागु गर्ने भएको छ।

प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलको अध्यक्षतामा शनिबार बसेको कोभिड १९ जिल्ला संकट व्यवस्थापन समितिको बैठकले सो निर्णय गरेको हो।

दिनानुदिन कोरोनाको जोखिम बढ्दै गइरहेको अवस्थामा बजारमा भिडभाड नियन्त्रण गर्ने उद्देश्यले सो प्रणाली लागु गर्न लागिएको जनाइएको छ।

सम्पन्न बैठकले अत्यावश्यक सेवा बाहेकका बस, कार, जिप, माइक्रो, म्याजिक, अटो, मोटरसाइकलसहित सबै सवारी साधनमा जोर-बिजोर प्रणाली लागु गर्ने निर्णय समेत गरेको हो।

यस्तै बढी भीडभाड हुने भुमि सुधार तथा मालपोत, नापी लगायतका कार्यालयले सेवा प्रवाह गर्दा भीडभाड नहुने व्यवस्था मिलाउने, बजारमा खुल्ला रुपमा ठेला तथा गाडीमा बिक्री गर्ने खाद्यान्न, लत्ताकपडा तथा तरकारी बिक्री वितरणमा रोक लगाउने तथा राजविराजबाट कुनौली तथा छिन्नमस्ता भगवती मन्दिर जाने अत्यावश्यक सेवा बाहेकका अन्य सवारी साधनलाई रोक लगाउने निर्णय गरिएको छ।

यसैगरि गजेन्द्रनारायण सिंह अस्पतालमा निर्माणको अन्तिम चरणमा रहेको आइसोलेशन केन्द्र तीन दिनभित्र सञ्चालनमा ल्याउनका लागि अस्पताल प्रमुखलाई जिम्मेवारी तथा आइसोलेसनको सुरक्षा व्यवस्थाको जिम्मा नेपाली सेनाले गर्ने निर्णय गरिएको छ।

जिल्लामा दैनिक कोरोना संक्रमित थपिदै गएपछि स्थानिय प्रशासनले बिस्तारै बिस्तारै बिभिन्न क्षेत्रमा पुनः कडाई सुरु गरेको छ।

यसअघि सभा, सम्मेलन, गोष्ठी लगायतका गतिविधीमा रोक लगाएको स्थानिय प्रशासनले शनिबार थप चार बुँदे निर्णय गरि थप क्षेत्रमा समेत कडाई गरेको हो।







तिरहुत गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# माहामारीसँग बच्न सतर्कता अपनाऔं

कोरोनाको जोखिम दिनानुदिन बढिरहेका कारण अहिले सप्तरीवासीमा त्रसित भएका छन् । जिल्लामा दिनहुँ संक्रमितको संख्या समेत बढिरहेको छ । छिमेकी मुलुक भारतमा कोरोनो जोखिम अत्याधिक रहेकोले यस जिल्ला पनि भारतसँग टासिएकै कारणले पनि जिल्लावासी त्रसित भएका छन् । दैनिक रुपमा भारतबाट आउनेहरुका कारण रोग फैलिन सक्ने सम्भावना समेत उच्च रहेको छ ।

भारतमा कोरोनाका कारण दैनिक रुपमा हजारौं व्यक्तिको मृत्यु भइरहेको छ । यता नेपालमा पनि यस रोगका कारण दैनिक रुपमा मृत्यु हुनेको संख्या समेत बढिरहेको छ । सप्तरीमा पनि दुई जनाको मृत्यु भइसकेको छ । माहामारीको जोखि उच्च रहेकाले स्थानिय प्रशासनले जिल्ला भरि उच्च सतर्कता अपनाउन विभिन्न चेतनामूलक तथा निशुल्क मास्क बितरण कार्यलाई तिब्रता दिइरहेको छ । यता बजारमा भिडभाड नगर्न समेत सबैमा आग्रह गरेको छ ।

यसरी कोरोना माहामारीसँग लड्न सबैलाई स्वास्थ्य सतर्कता अपनाउन अनिवार्य रुपमा आग्रह गरिएको छ । सामाजिक दुरी कायमका साथ मास्क अनिवार्य रुपमा प्रयोगका साथै अत्यावसक भएमात्र घर बाहिर निस्कन प्रशासनले आग्रह पनि गरेको छ । तसर्थ कोरोना माहामारीलाई परास्त गर्न स्वास्थ्य मापदण्ड अपनाउन अत्यन्त आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभिड-१९को दोस्रो लहर र हाम्रो सुरक्षा



डा पल्लवी कोइराला

कोभिड-१९ को दोस्रो लहर शुरु भए लगत्तै नेपालका सबैजसो अस्पतालहरुमा संक्रमितको संख्या प्रत्येक दिन बढ्दै गैरहेको छ । बिरामीहरुको सेवामा अनवरत खटिने स्वास्थ्यकर्मीहरु झन् यो महामारीबाट अछुतो रहने कुरै भएन । केही स्थानमा चिकित्सकहरुको समुह नै प्रभावित भएर ओपिडी नै बन्द गर्नुपर्ने अवस्था आएको खबर प्राप्त भइरहेकै छन् । यो महामारीको परिणाम र असर ठ्याक्कै यति र यही भन्ने अनुमान गर्न गाह्रो छ ।

राजधानी सहरमा निषेधाज्ञा जारी भएसँगै सहर छोड्नेहरुको भिडले झनै समस्या निम्तिएको देखिन्छ । 'अलिअलिमा वास्तै नगर्ने, बेस्सरी थिचेपछि भाग्ने दगुर्ने' हाम्रो बानीले हामीलाई नै असुरक्षित बनाउदै छ । छिमेकी देश भारतमा बिकराल स्वास्थ्य संकटको अवस्थामा छ । आज मानवजातिहरु कै सामू आफूलाई सुरक्षित राख्नु एउटा चुनौती बनेको छ । भनिन्छ - चुनौती आफैँमा अवसर पनि हो ।

वर्तमान परिदृश्यले आफूलाई बचाउनको लागि माग गर्दछ । आफैंलाई बचाउनु भनेको तपाईंको वरपरको अरूको रक्षा गर्नु पनि हो । कोभिड-१९ को डबल म्युटेन्ट ( बि.१.६१७) र ट्रिपल म्युटेन्ट ( बि.१.६१८) ५० प्रतिशत संक्रामक र ६० प्रतिशत घातक हो । यसको मतलब यो छिटो फैलिन्छ र यसले यसअघिको भारसले भन्दा गम्भीर संक्रमण पैदा गर्दछ ।

नेपाल कोभिड-१९ को दोस्रो लहरमा डुब्दै जाँदा पहिले भन्दा बढी युवा तथा बच्चाहरूलाई संक्रमित गर्दै बिरामी बनाइरहेको छ । त्यतिखेर र अहिलेको भिन्नता भनेको उच्च मृत्युदरको जोखिमलाई थप्न कोरोनाभाइरसको अधिक विषालु र घातक रूपहरूमा संक्रमित भइरहेको छ ।

सबै भाइरसहरू ( SARS–CoV–2 सहित, भाइरस जसले कोभिड-१९ कारण गर्दछ) समयको साथ विकसित हुन्छ । जब भाइरसले आफैंको प्रतिलिपि बनाउँदछ, यो कहिलेकाँही अलि अलि परिवर्तन हुन्छ, जुन भाइरसको लागि सामान्य हो । यी परिवर्तनहरूलाई "उत्परिवर्तन" भनिन्छ । एक वा बढी नयाँ उत्परिवर्तनहरू भएको भाइरसलाई मूल भाइरसको "भेरियन्ट" भनेर चिनिन्छ । जब भाइरस जनसंख्यामा व्यापक रूपमा प्रसारण हुन्छ र धेरै संक्रमणहरू निम्त्याउँछ, भाइरस उत्परिवर्तनको सम्भावना बढ्छ ।

खोपहरू कोभिड-१९ बिरूद्धको लडाईमा महत्वपूर्ण उपकरण हो, र हामीसँग पहिले नै भएका उपकरणहरू प्रयोग गर्न स्पष्ट सार्वजनिक स्वास्थ्य र जीवन बचाउने लाभहरू छन् । कोभिड-१९ खोपहरू जुन हाल विकासमा छन् वा अनुमोदित गरिएको छ नयाँ भाइरस भेरियन्टहरू विरूद्ध कम्तिमा केही सुरक्षा प्रदान गर्ने अपेक्षा गरिन्छ । किनकी यी खोपहरूले एन्टिबडी र कोशिकाहरूको दायरा समावेशी एक व्यापक प्रतिरक्षा प्रतिक्रिया दर्साउँछ । त्यसकारण भाइरसमा परिवर्तन वा म्युटेसनले खोपहरू पूर्ण रूपमा प्रभावहीन बनाउदैन । प्रसारण घटाउने हालको उपायहरू - बारम्बार हात धुनु, मास्क लगाउनु, शारीरिक दूरी, राम्रो भेन्टिलसेन र भीड हुने ठाउँहरू बाट अलग रहनु ।

जब हामी अधिक सीमित स्थानहरूमा भेला हुन्छौं, तब हामी भाइरसलाई विकसित हुन मौका दिइरहेका हुन्छौं । मापदण्डहरू लागू गर्ने काम स्वास्थ्य मन्त्रालयको मात्र जिम्मेवारी होइन, यो सबैको उत्तरदायित्व हो । कम्तिमा १-मिटर दूरी आफू र अरुबिच कायम राख्नुहोस् । घरभित्र हुँदा आफू र अरू बीचको अझ ठूलो दूरी बनाउनुहोस् । जति टाढा त्यत्ति राम्रो ।

मास्क लगाउनुलाई अन्य व्यक्तिको वरिपरि सामान्य बनाउनुहोस् । सकेसम्म प्रभावकारी बनाउन मास्कको उचित प्रयोग, भण्डारण र सफा गर्ने वा डिस्पोजल आवश्यक हुन्छ । हालै प्राप्त जानकारी अनुसार यो नियन्त्रणको लागि दुइटा मास्क प्रयोग गर्नु अझै प्रभावकारी देखिएको छ└ । कोभिड-१९ हुने जोखिमहरूमा भीड र अपर्याप्त हावा आवतजावत हुने स्थानहरूमा बढी हुन्छन् । जहाँ संक्रमित व्यक्तिहरू निकट समयको लागि सँगै लामो समय बिताउँछन् । त्यसैले सावधानी अपनाउनु अझ महत्त्वपूर्ण छ ।

यस्तो लाग्दैछ हामी सम्पूर्ण मानव हातहतियार बिनाको विश्व युद्ध लडदैछौं । तत्कालै महामारी अन्त हुने सम्भावना न्युन छ । यो स्पष्ट छैन कि हामी खोपको वर्तमान स्तरको कारण र विश्वव्यापी रूपमा खोपको पहुँचको कारण प्रतिरोधात्मक क्षमता प्राप्त गर्ने छौं । त्यसकारण जनस्वास्थ्यको मापदण्डको निरन्तर पालनासहित महामारीको अन्त्य गर्न विश्व मानव समुह नै एकजुट भएर निरन्तर प्रयत्नरत रहिरहनु नै हाम्रो विजय हो । - (डा कोइराला कलेज अफमेडिकल साइन्स, भरतपुरमा कम्युनिटी मेडिसिन दोस्रो वर्षमा अध्ययनरत छिन्) स्वास्थ्य खबरबाट




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# सरकारी निर्णयको अवज्ञा गरेको भन्दै विद्यालय संचालन पक्राउपछि रिहा

**राजविराज**/विद्यालयहरु बन्द गर्ने सरकारी निर्णयको अवज्ञा गरेको भन्दै ११ विद्यालयका संचालक तथा शिक्षकहरुलाई प्रहरीले सोमबार पक्राउ गरेको छ।

कोरोनाको बढ्दो जोखिमलाई ध्यानमा राख्दै सरकारले सोमबारदेखी विद्यालय बन्द गर्ने निर्णयको थियो। तर, सप्तरीका नीजी विद्यालयका संचालकहरुले सो निर्णयको अवज्ञा गरेका थिए।

पक्राउ परेका सबैलाई सोमबारै प्रहरीले रिहा समेत गरेको छ।

सोमबार बिहान प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेल, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, प्रहरी उपरिक्षक राजेन्द्र धमलासहितको अनुगमन टोलीले सरकारी निर्णयको अवज्ञा गर्ने विभिन्न विद्यालयका ११ जना संचालक र शिक्षकलाई नियन्त्रणमा लिएको थियो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार नियन्त्रणमा लिइएकाहरुमा राजविराजका लक्ष्मी इङलिस बोर्डिङ स्कुलका संचालक राजेश कुमार यादव, बैधनाथ कुमार झा, बुलन्द साह, ह्याप्पिल्याड मावि बोर्डिङ स्कुलका संचालक शैलन्द्र कुमार ठाकुर, जानकी सेकेन्ड्रि स्कुलका प्रिन्सिपल हरिकिसुन राय, लिटिल एन्जेल्सका प्रिन्सिपल नरेन्द्र प्रसाद देव तथा पिसजोन इङलिस बोर्डिङ स्कुलका संचालक उमाकान्त साह छन्।

यस्तै सृजना बोर्डिङ स्कुलकी शिक्षिका रिमा झा, लिटिल फ्लावर बोर्डिङ स्कुलका संचालक डा. कमानन्द देव, ग्रिन इङलिस बोर्डिङ स्कुलका शिक्षक मनोज यादव तथा विष्णुपुर गाउँपालिकास्थित शिब्स बोर्डिङ स्कुलका संचालक नरेश प्रताप साहलाई पनि नियन्त्रणमा लिइएको डिएसपी काफ्लेले जानकारी दिए। यता पक्राउ परेका उनीहरुलाई सोमबार साँझ रिहा गरिएको प्रहरीले जनाएको छ।

कोरोना सङ्क्रमणको दोस्रो लहर चलेपछि सरकारले गत सोमबार मन्त्रिपरिषद् बैठक बसेर राजविराजसहितका स्थानमा रहेका विद्यालय, कलेज, टचुशन सेन्टर र तालिम केन्द्रमा यही वैशाख मसान्तसम्म भौतिक उपस्थिति बन्द गर्ने निर्णय गरेको थियो। आइतबार मात्रै सरकारले सोमबारदेखि सबै प्रकारको परीक्षासमेत स्थगन गर्ने निर्णय गरेको थियो।

# टिपरको ठक्करबाट घाइते भएका व्यक्तिको मृत्यु

**राजविराज**/टिपरको ठक्करबाट घाइते भएका एक व्यक्तिको बुधबार बिहान मृत्यु भएको छ।

सप्तरी सप्तकोशी नगरपालिका ९ निवासी ५६ वर्षिय देवनारायण खंगको बुधबार बिहान उपचारका क्रममा नोबेल अस्पताल विराटनगरमा मृत्यु भएको परिवारका सदस्यले जानकारी दिएका छन्।

सप्तरीको कञ्चनरूप नगरपालिकास्थित पडेमारा धार नजिक यही वैशाख ५ गते ना.५ख. ७५१७ नं.को टिपरले साइकलमा सवार खंगलाई ठक्कर दिएको थियो। घाइते खंगको नोबेल अस्पतालमा उपचार भइरहेको थियो।

# करेन्ट लागेर यूवकको मृत्यु

**राजविराज**/सप्तरीमा मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर एक यूवकको ज्यान गएको छ।

सप्तरीको सुरुङ्गा नगरपालिका १ तेतरिया बस्ने १६ वर्षिय राजु सदाको मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर ज्यान गएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेका अनुसार देब्रे हातमा करेन्ट लागेर गम्भिर घाइते भएका उनको उपचारका लागि अस्पतालतर्फ लैजादै गर्दा बाटोमै मृत्यु भएको थियो।

मोबाइल चार्जमा लगाएर कुरा गर्ने तथा असावधानीपूवर्क मोबाइल चार्ज गर्दा यस्ता धेरै अप्रिय घटनाहरु हुन थालेको भन्दै यसतर्फ आवश्यक सकर्तकता अपनाउन जिल्ला प्रहरी कार्यालयले सबैसँग अनुरोध समेत गरेको छ।




# पत्रकार मेहताको निधन



**राजविराज**/राजविराज नगरपालिका वडा नं. ९ मलेठ निवासी ६७ वर्षिय पत्रकार उपेन्द्रनारायण मेहताको सोमबार असमायिक निधन भएको छ।

सप्तरी कार्यक्षेत्र बनाई विगत लामो समयदेखी पत्रकारिता पेशमा रहेका मेहताको निधनले नेपाल पत्रकार महासंघ सप्तरी शाखा स्तब्ध भएको छ।

महासंघका सचिव आरएन विश्वासद्वारा सोमबार जारि विज्ञप्तिमा पत्रकार महेताको निधनले सप्तरीको पत्रकारिता क्षेत्रमा अपूर्णिय क्षति पुगेको जनाइएको छ।

पत्रिका छाप्ने मेशिन म्यानदेखी पत्रिका बितरका हुँदै सन्डे टाईम्स हिन्दी पत्रिका, द पब्लिक मेमो साप्ताहिक र पूर्व प्रभात दैनिकमा कार्यरत थिए।

साथै विज्ञप्तिमा दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति इश्वरले धैर्यधारणको क्षमता प्रदान गरुन् भनि कामना गरिएको छ। उनी सिरहा जिल्लाको पत्रकारिता क्षेत्र समेत आवद्ध रहेका थिए।

मृतक पत्रकार मेहताका श्रीमतीसहित १ छोरा र २ छोरी छन्।



रुपनी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# सजिवन : थोरै लगानीमा धेरै आम्दानी गर्न सकिने बनस्पति, प्रत्येक अङ्गमा हुन्छ यस्तो औषधिय गुण



सजिवन अत्यन्त लाभदायक सब्जी हो । भनिन्छ, सजिवनले शिरदेखि पाउसम्म औषधीय गुण बोकेको हुन्छ । नेपालमा सहजै पाइने भए पनि सजिवनको औषधीय गुणका बारेमा भने कमैलाई मात्र थाहा छ । छिप्पिएको सजिवनको कोसामा छेक्रा हुने हुँदा धेरैले मन पराउँदैनन् तर कलिलोमा भने निकै मुलायम हुन्छ ।

यो सब्जीको औषधीय गुण यति धेरै छन् कि, सायदै अन्य कुनै सब्जीमा पाइएला । सजिवन दक्षिण भारतमा व्यापक प्रयोग गरिन्छ भने नेपालमा पनि यसको खेती गर्न थालिएको छ । सजिवनको पात पनि औषधीय गुण बोकेको वनस्पतीमा पर्छ, जसलाई सितल चिनी भनेर चिनिन्छ ।

वनस्पती वैज्ञानिकहरुका अनुसार सजिवनका सम्पूर्ण अंगमा औषधीय गुण हुन्छ । भारतमा यसलाई सहजन भनेर चिनिन्छ भने अंग्रेजीमा ड्रमस्टिक भनिन्छ । हुन पनि यो सब्जी ड्रम बजाउने स्टिक जस्तै हुन्छ । सजिवनको पात अर्थात् सितलचिनीलाई अंग्रेजीमा मरिङ्गा भनेर चिनिन्छ ।

नेपालमा औषधीय गुण नबुझेर होला, सजिवनको प्रयोग ज्यादै न्यून देखिन्छ । सजिवनको गेडाबाट तेल निकालिन्छ, जुन अमूल्य औषधि मानिन्छ । आयुर्वेदमा सजिवनको प्रयोगले ३ सयभन्दा बढी रोगको निदान हुन्छ भनिएको छ ।

सजिवनको फूल, फल, डाँठ, कोसा र पात यति पोषक मानिन्छ कि, विश्व स्वास्थ्य संगठनको मार्गदर्शनले दक्षिण अफ्रिकाको कयौं देशमा कुपोषण पीडितहरुलाई आहारको रूपमा सजिवन प्रयोग गर्न सल्लाह दिएको छ ।

**सजिवनलाई कसरी हुर्काउने ?**

सजिवनलाई हुर्काउन सजिलो छ, किनभने यो हाँगा काटेर पनि रोप्न सकिन्छ र दानाबाट पनि बेर्ना निकाल्न सकिन्छ । तर ख्याल गर्नुपर्ने कुरा के छ भने, यसको बिरुवा हुर्काउँदा प्रशस्त मात्रामा पानी हाल्नुपर्ने हुन्छ ।

बिरुवा ८ देखि ९ फिट नहुँदासम्म नियमित पानीले भिजाएर राख्नु जरुरी छ । एउटा परिपक्क रुख हुँदा सौजुन ३० देखि ४० फिट अग्लो हुन्छ । यसको पात भने मसिनो खालको हुन्छ । केही छिप्पिँदै गएपछि सजिवन फुल्छ र फूल पनि धेरै औषधीय गुण बोकेको हुनाले संकलन गरेर सुकाइन्छ र बेचिन्छ ।

सजिवनले रोपेको ४ देखि ६ महिनामा फल दिन थाल्छ र निरन्तर १० वर्षसम्म दिइरहन्छ । हरेक रुखले २ सय ५० देखि ३ सय ५० सम्म सौजुन स्टिक दिन्छ र यो रुखले निरन्तर दुई बाली दिनसक्छ । २५ देखि ३० सेन्टिग्रेट तामक्रम सौजुनका लागि उपयुक्त मानिन्छ । सजिवन एक त्यस्तो खेती हो, जुन थोरै लगानीमा धेरै आम्दानी दिने बहुआयामिक वनस्पति हो । सजिवन जीवन जोगाउने रुख भनेर पनि चिनिन्छ ।

यो वनस्पति तराई तथा मध्यपहाडमा सजिलै खेती गर्न सकिन्छ । सिजनमा ८० रुपैयाँ किलो र अफसिजनमा ३ सय देखि ४ सय रुपैयाँसम्म काठमाडौंमा सजिवन बिक्री गरिन्छ ।

**सजिवनबाट के-के बनाउन सकिन्छ ?**

सजिवनबाट भारतमा १ सय २५ भन्दा धेरैथरीका परिकार तयार गरिन्छ । दक्षिण भारतमा यो सब्जी अति नै महत्त्वका साथ दैनिक भोजनमा समावेश गरिएको पाइन्छ । यसका परिकार फुटपाथदेखि पाँचतारे होटलसम्ममा भिन्नभिन्न रूपमा पस्किने गरिन्छ ।

नेपालमा भने कलिलो सजिवनको कोसालाई आलुमा मिसाएर तरकारी बनाउने चलन छ । भारतमा सजिवनको ग्रेभी, सुप, सलाद, सम्बार, सजिवन मसला, अचार र दालमा मिसाएर खाने चलन छ ।

सजिवनको मुन्टा तथा पातको करी पनि निकै प्रख्यात छ । पातलाई सुकाएर हर्बल टीको रुपमा पनि प्रयोग गरिन्छ । त्यस्तै सितलचिनीलाई विभिन्न आयुर्वेदिक औषधि बनाउन व्यापक प्रयोग गरेको पाइन्छ । वास्तवमा सजिवनलाई सब्जीको राजा नै मानिन्छ । सजिवनको पातको जुस बनाएर पनि खान सकिन्छ, जुन स्वास्थ्यका लागि अति उपयोगी मानिन्छ ।

**यस्ता छन् २० गुण**

सजिवन या सजिवनको पात सितलचिनी सेवन गर्नाले शरीरमा रहेको विकारयुक्त रगत शुद्धीकरण हुन्छ ।
हड्डी मजबुत बनाउन भूमिका खेल्छ ।
कोलेस्टेरोल लेबललाई नियन्त्रणमा राख्न मद्दत गर्छ ।
उच्च रक्तचाप नियन्त्रण गर्न विशेष भूमिका हुन्छ ।
रोघा-खोकी जस्ता संक्रमण हुनबाट जोगाउँछ ।
गर्भावस्थामा आउने विभिन्न समस्यालाई नियन्त्रण गर्न मद्दत गर्छ ।
छालासम्बन्धी संक्रमणबाट जोगाउँछ ।
सजिवन पोषणयुक्त सब्जी भएको हुनाले कुपोषण हुनबाट जोगाउँछ ।
सजिवनको पातलाई सितलचिनी अर्थात् मोरिङ्गा भनेर चिनिन्छ, जुन आयुर्वेदिक क्षेत्रमा ३ सयभन्दा बढी रोग निदान गर्छ भनिएको छ ।
सजिवनले खाना पचाउन पनि ठूलो भूमिका खेलेको हुन्छ ।
सजिवनको कोसा, पात, डाँठ, फूल, मुन्टा, जरा प्रयोगमा आउने हुँदा व्यावसायिक हिसाबले पनि उच्चकोटीको वनस्पति मानिन्छ, जसले मनग्य आम्दानी दिन्छ ।
सजिवनको जारा कुटेर रस नियमित खानाले किड्नीमा रहेको पत्थरी हटाउन मद्दत गर्छ ।
सजिवनको पात नियमित सेवन गर्नाले मस्तिष्कसम्बन्धी समस्या समाधान गर्छ ।
कलेजो खराब हुनबाट जोगाउँछ ।
चोट-पटकलाई छिटोभन्दा छिटो निको बनाउन मद्दत गर्छ ।
छालाका लागि सजिवनको पत्ता उपयोगी मानिन्छ ।
सजिवनको तेल कपालका लागि उत्तम मानिन्छ ।
मुटुसम्बन्धी विभिन्न रोग लाग्नबाट बचाउँछ ।
शरीरमा आउने निराशपन हटाएर स्फुर्ती थप्ने काम गर्छ ।
पेटसम्बन्धी विभिन्न रोगहरु निदान गर्नुका साथै पेट सफा गर्ना मद्दत पुऱ्याउँछ ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# प्रहरीलाई देख्ना साथ भाग्न खोजेको दुई युवक लागु औषधसहित पक्राउ

**राजविराज**/प्रहरीलाई देख्ना साथ भाग्न खोजेका दुई युवकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेकाहरुको साथबाट लागुऔषध बरामद भएको छ।

सशस्त्र प्रहरी हवल्दार मो. फारुक मियाँ नेतृत्वको टोलीले पछ्याउँदै घटना स्थलबाट केही दुरीमै पक्राउ गर्न सफल भएको सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिए।

भारतीय सीमासँग जोडिएको सप्तरीको राजगढ गाउँपालिका २ आन्द्रामोठ क्षेत्रमा चेकजाचको क्रममा लागुऔषध बोकेका दुबै जना



भाग्दै गर्दा प्रहरीले लखेटेर दुबैजनालाई पक्राउ गरेको उनले बताए।

भारतीय सीमा क्षेत्रबाट मोटरसाइकलमा नेपालतर्फ लागुऔषधसहित आउँदै गरेका राजविराज नगरपालिका ८ बस्ने ४३ वर्षिय गज्जु दास र विष्णुपुर गाउँपालिका ७ कनकटा बस्ने २८ वर्षिय अभिमन्यु कुमारलाई पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ।

चोर बाटो हुँदै नेपालतर्फ आएका उनीहरुको साथबाट प्रतिबन्धित लागुऔषध डाइजेपाम सुई ६५, डाइजेल्याब सुई ६४, फेनारगन सुई र लेजिस सुई ६५/६५ थान तथा नाइट्रोक्सन ट्याबलेट ५० थान बरामद गरिएको जनाइएको छ।

यस्तै उनीहरुको साथबाट लागुऔषध ओसारपोसारमा प्रयोग गरिएको एक थान मोटरसाइकल तथा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट लक्ष्मी कुमार मण्डल र बोधनी देवीको नाममा जारि गरिएको दुई थान नागरिकताको प्रतिलिपी समेत बरामद गरिएको छ।

पक्राउ परेका दुबैमाथी नेपाल प्रहरीको समन्वयमा थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी बल गण नं. ६ हेडक्वारटर राजविराजले जनाएको छ।

## चार वर्षपछि फरार प्रतिवादी पक्राउ

**राजविराज**/चार वर्षपछि गर्भपतन मुद्दामा फरार एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ६ निवासी ६५ वर्षय फेकु राम रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार रामबाबु यादवको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फेकु राम गर्भपतन मुद्दामा सप्तरी जिल्ला अदालतको २०७३ चैत १६ गतेको फैसलाले एक बर्ष एक महिना कैद ठहर गरिएको थियो।

कैद ठहर गरेकै दिनबाट उनी फरार रहेको प्रहरीले जनाएको छ। रामलाई २०७८ बैशाख ६ गते गाउँमा लुकिछिपी बसेको अवस्थामा ईलाका प्रहरी कार्यालय कडरबोना सप्तरीबाट खटेको प्रहरी टोलीले पक्राउ गरेको हो।

पक्राउ गरिएका उनलाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानका लागी कारागार चलान गरिएको छ।

## जिल्ला प्रहरी कार्यालय सप्तरीको अनुरोध।

जिल्लामा कोभिड -१९ को संक्रमण बढ्दो अवस्थामा रहेको तथा संक्रमण बढेको जिल्लाको अवस्था हेर्दा जिल्लामा रहेको स्वास्थ्य पूर्वाधार अपुग हुन सक्ने अवस्थलाई दृष्टीगत गरि देहाय बमोजिम गर्न गराउन सबैमा अनुरोध। ।

१) अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कनु होला निस्किननु परेमा health protocol पाल्ना गरी मात्र निस्कने।
२) बालबालिका ज्येष्ठ नागरिक रोगी ब्यक्ती हरु घरमै बस्ने।
३) घरमै बस्दा पनि health protocol पालना गरेर बस्ने, बारम्बार हात धुने, स्यानिटाईजरको प्रयोग गर्ने।
४) मन्दिर, मस्जिद जस्ता धार्मिक स्थल नजाने।
५) टोल छिमेकीमा कसैलाई संक्रमण भएमा तुरुन्त नजिकको स्वास्थ्य केन्द्र मा खबर गर्ने, बिदेशबाट आएका मानिस संक्रमण भएको हुन सक्छ उसलाई निगरानीमा HOME QUARANTINE मा राख्ने।
६) कसैलाई संक्रमण भएका आफ्नै घरमा isolate गरेर राख्ने।
७) लक्षण देखिएको संक्रमित भए नजिकको स्थानिय तहले ब्यवस्थापन गरेको आईसोलेसन सेन्टरमा लगेर उपचार गर्ने।
८) बजारमा खुल्ला रुपमा बिक्री गर्ने खाद्यन्न तथा अखाद्यन्न सामाग्री बिक्रीमा रोक लगाउने।
९) सवारी साधन चलाउदा जोर बिजोर प्रणाली लागु गरिएको हुँदा अति आवश्यक परि सवारी साधन चलाउदा सेनीटाईजर प्रयोग गरेर मात्र चलाउने ब्यवस्था मिलाउने।
१०) विबाह बृत बन्ध, भोज भतेर संचालन नगर्ने।

जारी गरीएको सुचनाको पालन गर्नु सबै कर्तब्य हुनेछ अटेर गरे यो सुचनाको उल्लघन गरेमा संक्रमण रोग ऐन २०२० र स्थानिय ऐन २०२८ र अन्य प्रचलित कानुन बमोजिम कारवाही हुने ब्यहोरा सबैमा अनुरोध छ।

सुचना अधिकारी
प्र.ना.उ.माधव प्रसाद काफ्ले
जिल्ला प्रहरी कार्यालय सप्तरी।




छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## भारतीय एक अस्पतालमा आगलागी, १८ व्यक्तिको मृत्यु

**अहमदावाद**/भारतको एक अस्पतालमा आगलागी हुँदा अस्पतालमा सेवारत दुई नर्ससहित कम्तीमा १६ कोभिड-१९ सङ्क्रमित विरामीको मृत्यु भएको भारतीय अधिकारीहरूले बताएका छन्।

एशियाली यस मुलुकमा सङ्क्रमण दर उच्च भएपछि स्वास्थ्य सेवा प्रणालीमा समस्या देखिइरहेका समय पश्चिमी राज्य गुजरातको भरुचको चार तलाको अस्पतालमा आगलागी भएको हो। स्थानीय समयअनुसार शनिबार बिहान १:०० बजे आगलागी हुँदा अस्पतालमा करिब ५० अन्य बिरामीहरू थिए। आगो केही समयपछि नियन्त्रणमा आएको थियो।

स्थानीय प्रहरी अधिकारी राजेन्द्रसिंह चुडासमाले घटनामा दुई नर्ससहित १८ व्यक्तिको मृत्यु भएको पुष्टि गर्नुभयो। उहाँले भन्नुभयो "आगलागी अस्पतालको आईसीयूमा रहेको तारमा समस्या आउँदा आगलागी हुनपुगेको प्राथमिक अनुसन्धानबाट थाहा हुन आएको छ।"

उक्त घटनामा अधिकांश व्यक्तिको निशास्सिएर श्वासप्रश्वासमा समस्या हुँदा मृत्यु भएको बताइएको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति दुःख व्यक्त गर्दै पीडितपरिवारजनप्रति समवेदना प्रकट गर्नुभएको छ। एजेन्सी

## भारतमा एकैदिनमा चार लाखभन्दा बढी सङ्क्रमित

**नयाँ दिल्ली**/भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरूको सङ्ख्या विगत २४ घण्टामा चार लाख नाघेको छ।

कोरोनाभाइरसको महामारी सुरु भएदेखि दैनिक सङ्क्रमितको सङ्ख्या यो नै सबैभन्दा धेरै भएको अधिकारीहरूले जानकारी दिएका छन्। उनीहरूका अनुसार पछिल्लो २४ घण्टामा भारतभरी कूल चार लाख एक हजार ९९३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्।

योसँगै अहिलेसम्म देशभरी कूल सङ्क्रमितको सङ्ख्या एक करोड ९१ लाख ६४ हजार ९६९ पुगेको अधिकारीहरूले जनाएका छन्। भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले कोरोनाका कारण सोही अवधिमा तीन हजार ५२३ जनाको मृत्यु भएको तथ्याङ्क सार्वजनिक गरेको छ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरूको कुल सङ्ख्या दुई लाख ११ हजार ८५३ पुगेको छ। मन्त्रालयका अनुसार भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाहरूको सङ्ख्या ३२ लाख ६८ हजार १७० रहेको छ।

पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ९९ हजार ९८८ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। भारतीय चिकित्सा अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म २८ करोड ८३ लाख ३७ हजार ३८५ जनाको कोरोना परीक्षण गरिएको छ। एजेन्सी

## भारतबाट अमेरिका र अष्ट्रेलिया आउन प्रतिबन्ध

**वासिङटन**/भारतबाट अमेरिका आउन अमेरिकी सरकारले प्रतिवन्ध लगाएको छ।

भारतमा कोरोनाभाइरसको महामारी तीव्र रूपमा फैलिएकाले त्यसको असर अमेरिकामा पनि पर्ने डरले भारतबाट आउनेहरूलाई अमेरिकामा प्रतिवन्ध लगाइएको हो। भारतबाट अमेरिका आउन प्रतिवन्ध लगाउनेसम्वन्धी निर्णयमा राष्ट्रपति जो वाइडेनले शुक्रबार हस्ताक्षर गर्नुभएको छ।

अमेरिकी नागरिकलाई भने रोक नलगाइएको, तर उनीहरु आएपछि कम्तीमा १४ दिन क्वारेन्टिइनमा बस्नु पर्ने व्यवस्था गरिएको पनि अधिकारीहरूले जनाएका छन्। भारतबाट अमेरिका आउन प्रतिवन्ध लगाउने निर्णय मे ४ देखि लागु हुने र यो निर्णय अस्थायी भएको जनाइएको छ। अस्थायी भएपनि कहिलेसम्म लागु हुनेछ भन्ने अनिश्चित नै रहेको छ।

भारतमा अहिले कोरोनाभाइरसको महामारी अत्यधिक छ भने दैनिक लाखौं सङ्क्रमित हुने गरेका छन्। अरु हजारौंको मृत्यु हुने गरेको छ। भारतको महामारी सर्ने डरले अन्य देशहरूले पनि भारतबाट आवागमनका लागि प्रतिवन्ध लगाएका छन्। अष्ट्रेलियाले त आदेश नमान्नेलाई पाँच बर्षसम्म जेल सजाय हुने व्यवस्था गरिएको घोषणा गरेको छ।

शनिबार घोषणा गरिएको यात्रा प्रतिवन्धसम्वन्धी निर्णयमा सरकारको निर्णय नमान्नेलाई जेल सजायको व्यवस्था गरिएको उल्लेख छ। कोरोनाभाइरसको महामारी थप फैलिन नदिनका लागि भारतलगायतका कोरोनाभाइरसबाट अति प्रभावित मुलुकबाट आउनेहरूलाई आउन नदिने निर्णय गर्नु परेको सरकारी अधिकारीहरूको भनाइ छ।

भारतबाट अष्ट्रेलिया आउन नपाइनेसम्वन्धी सरकारी निर्णय कार्यान्वयन भने आगामी सोमबारदेखि मात्रै हुने जनाइएको छ। अत्यावश्यक परेर आएकाहरूलाई पनि कम्तीमा १४ दिन क्वारेन्टाइनमा बस्नु पर्ने व्यवस्था गरिएको अधिकारीहरूले जनाएका छन्।

भारतबाट आएका यात्रुहरूबाट कोरोनाभाइरस सर्न थालेको भन्दै सर्वत्र चासो व्यक्त भएपछि सरकारले भारतबाट अष्ट्रेलिया आउन रोक लगाइएको हो। एजेन्सी

# आजदेखी दैनिक निःशुल्क पिसिआर परीक्षण हुने

**राजविराज**/गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा आइतबारदेखी दैनिक निःशुल्क पिसिआर परीक्षण हुने भएको छ ।

प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलको अध्यक्षतामा शनिबार बसेको जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकले सो निर्णय गरेको हो ।

सो बैठकले दैनिक रुपमा निःशुल्क स्वाव परिक्षण गर्ने व्यवस्था मिलाउन अस्पतालका मेसुलाई जिम्मा दिइएको छ ।

यसैगरी कोभिड-१९ संक्रमणबाट बाहिरी जिल्लामा उपचार गर्दागर्दै मृत्यु भएकाको हकमा सप्तकोशी नदीको किनारमा र अन्यको हकमा आ-आफ्नो स्थानीय तहले धार्मिक परम्परा अनुसार शवको अन्त्येष्ठी गर्ने निर्णय भएको छ ।

यस्तै स्थानीय तहले व्यवस्थापन गरेका आइसोलेसन केन्द्र, एम्बुलेन्स, शव वाहन चालु अवस्थामा राख्न सबै स्थानीय तहलाई अनुरोध गर्ने र स्थापना भएका आइसोलेसन केन्द्रमा टेलिमेडिसिन सेवाको व्यवस्थापन गजेन्द्रनारायण सिंह अस्पताले मिलाउने निर्णय भएको जनाएको छ ।

# मास्क नलगाउनेहरुलाई कारवाही कारवाही स्वरुप एक सय जरिवाना

**राजविराज**/सप्तरीमा कोरोनाको त्रास बढिरहेको अवस्थामा स्थानिय प्रशासनले चलाएको तपाईको मास्क खोई ! अभियान अन्तरगत ७ सय ५० जनालाई कारवाही गरेको छ ।

जिल्लाको विभिन्न स्थानमा सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना समेत नगरि तथा मास्क नलगाई हिडडुल गर्ने ती व्यक्तिहरुलाई कारवाही गरिएको हो ।

ती व्यक्तिहरुलाई कारवाही रुवरुप एक सयका दरले जरिवाना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । जरिवाना वापत ७५ हजार रुँपैया समेत असुल भएको प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

उनले अभियान अन्तरगत मास्क नलगाउनेलाई जरिवाना मात्र नगरेर सचेतनाका साथै निशुल्क मास्क समेत बाडिएको बताए ।

कोरोनाको जोखिम बढ्दै गएपछि प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेल, प्रहरी उपरिक्षक राजेन्द्र धमला, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ, प्रहरी नायब उपरिक्ष माधवप्रसाद काफ्ले नेतृत्वको छुट्टाछुट्टै टोली निगरानीका लागि जिल्लाका विभिन्न स्थानमा खटिएका छन् ।

मास्क तथा कोरोनाको जोखिम बिरुद्ध प्रचार सामाग्रि बोकेर जिल्ला प्रहरी कार्यालयको गाडी दिनभर बजार र ग्रामिण क्षेत्रमा गुडिरहेको देखिन्छ ।

भारतीय सीमासँग जोडिएको नाकाहरुमा समेत यो अभियान संचालन गरेको प्रहरीले कोरोनाले जटिल बन्दै गएको परिस्थितिलाई मध्य नजर गरि सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्न आग्रह समेत गरेको छ ।

यसैबीच शुक्रबारै सामुदायिक सेवा केन्द्र, सामुदायिक प्रहरी सेवा केन्द्र र सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र राजविराजले संयुक्त रुपमा मास्क तथा सेनिटाइजर बितरणको कार्यक्रमको सुरुवात गरेका छन् ।

कार्यक्रमको स्थानिय रुपनी बस स्टेन्डमा शुभारम्भ गर्दै प्रहरी नायक उपरिक्षक काफ्ले, समाजसेवी जवाहर यादव, सुनिता साह, हितनारायण लाल दास, संजय शर्मा, जसपाका केन्द्रिय सदस्य अमरनाथ मण्डल लगायतले कोरोनाबाट जोगिन सबैलाई सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गरेका थिए ।

# दुई संक्रमितको उपचारका क्रममा मृत्यु

**राजविराज**/कोरोना संक्रमित सप्तरीका दुई जनाको उपचारका क्रममा मृत्यु भएको छ ।

शनिबार बिहान बिराटनगरमा उपचारका क्रममा राजविराज नगरपालिका वडा नं. ९ का ४५ वर्षीय पुरुषको बिराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा मृत्यु भएको हो ।

उच्च रक्तचाप र मधुमेहका बिरामी समेत रहेका उनलाई शुक्रबार कोरोना संक्रमण पुष्टि भएपछि अस्पतालमा भर्ना गरिएको थियो । सोही अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको अस्पतालका प्रबन्धक नारायण दाहालले जानकारी दिएका छन् ।

यसअघि पनि सप्तरीका एक कोरोना संक्रमित यूवकको उपचारका क्रममा बिहीबार बिहान धरानमा मृत्यु भएको छ ।

जिल्लाको अग्निसाइर कृष्णसवरण गाउँपालिका ५ का २४ वर्षीय ती संक्रमित यूवकको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको हो ।

एक साताअघि भारतको दिल्लीबाट फर्किएका थिए । श्वासप्रश्वासमा समस्या देखिएपछि गत सोमबार उनलाई अस्पताल भर्ना गरिएको थियो ।

# दिनानुदिन संक्रमित बढ्दै गएपछि स्थानियमा त्रास

**राजविराज**/सप्तरीमा कोरोना संक्रमितको संख्या दिनानुदिन बढ्दै गएपछि स्थानियमा त्रास समेत बढेको छ ।

पछिल्लो पटक २७ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा कुल संक्रमितको संख्या ७६ पुगेको छ ।

बिहीबार १० जनाको परिक्षण गर्दा ७ जना संक्रमित फेला परे भने शुक्रबार ४९ जनाको परिक्षण गर्दा २० जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

पछिल्लो पटक स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा गरिएको परिक्षणले राजविराज नगरपालिकाका ३ महिलासहित १५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

यस्तै डाक्नेश्वरी नगरपालिका, शम्भुनाथ नगरपालिका, खडग नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका र विष्णुपुर गाउँपालिकाका एक/एक जनामा पनि कोरोना संक्रमण पुष्टि भएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले बताए ।

बिहीबार संक्रमण पुष्टि भएका ७ मध्ये २ जना स्वास्थ्यकर्मी समेत रहेका छन् । सबै संक्रमितलाई अहिले होमआइसोलेशनमै व्यवस्थापन गरिएको उनले जानकारी दिए ।

जिल्लामा कोरोनाबाट ज्यान गुमाउनेको संख्या ४३ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।





बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




राजविराज नगर कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer · रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*